
# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १५५ | काठमाडौं | शुक्रबार, ०९ असोज २०८३ | Prabhab National Daily | Friday, 25 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# मौसमी विपद्को उच्च जोखिम

## सुरक्षित रहन र उच्च सतर्कता अपनाउन अपिल




"शुक्रबार वर्षाको गतिविधि अझ बढी हुने सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेकाले ती क्षेत्रमा विशेष सतर्कता आवश्यक रहेको छ ।

■ **डेभिड ढकाल**
मौसमविद्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आजदेखि आइतबारसम्म देशभर भारी वर्षा, बाढी, आकस्मिक बाढी र पहिरोको जोखिम रहेको जनाउँदै सरकारले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । विपद् पूर्वतयारीलाई थप प्रभावकारी बनाउन जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले बाढी पूर्वानुमानको समयावधिमा महत्त्वपूर्ण विस्तार गरेको छ ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् डेविड ढकालले मौसम छिनछिनमा परिवर्तन हुन सक्ने देखिएकोले उच्च सतर्कता अपनाउन आग्रह गरे । 'वर्षा हुने सम्भावना देखिएकाले सतर्कता अपनाउनुपर्ने आवश्यकता छ । मौसम छिनछिनमा परिवर्तन हुनसक्ने भएकाले न्यूनचापीय प्रणालीको निरन्तर निगरानी गरिरहेका छौं र यसको प्रभावबारे नियमितरूपमा अद्यावधिक सूचना सार्वजनिक गर्दै जानेछौं,' ढकालले भने ।

बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणाली गहिरो न्यूनचापीय प्रणालीमा परिणत भई भारतको उत्तरी आन्ध्र प्रदेश तथा दक्षिणी ओडिसा आसपास जमिनमा प्रवेश गरेको छ । उक्त प्रणालीका कारण जलवाष्पयुक्त हावा नेपालतर्फ आइरहेकाले वर्षाको गतिविधि बढेको ढकालले बताए ।

शुक्रबार र शनिबार वर्षाको गतिविधि अझै बढ्ने देखिएको उनले बताए । 'शुक्रबार वर्षाको गतिविधि अझ बढी हुने सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेकाले ती क्षेत्रमा विशेष सतर्कता आवश्यक रहेको छ,' ढकालले भने ।

### यस्तो छ तीन दिनको मौसम पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका अनुसार शुक्रबार दिउँसो देशभर अधिकांश स्थानमा बादल लाग्ने छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका हिमाली भू-भागका अधिकांश स्थानमा तथा सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चटयाङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ भने केही स्थानमा मेघगर्जन/चटयाङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको विभागले जनायो ।

लुम्बिनी र गण्डकी प्रदेशको एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ । मधेस प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ । मधेस प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको तराई भू-भागका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना छ ।

शुक्रबार राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका अधिकांश स्थानमा तथा कोशी र बागमती प्रदेशका हिमाली भू-भागका धेरै स्थानमा मेघगर्जन/चटयाङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ ।

बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागका र कर्णाली प्रदेशका पहाडी भू-भागका अधिकांश स्थानमा तथा कोशी, मधेस र बागमती प्रदेशको पहाडी र तराई भू-भागका केही स्थानमा मेघगर्जन तथा चटयाङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको विभागले जनायो ।

क्रमशः पृष्ठ २ मा

# न्यायालयबारे फजुल बहस संसद्मा






अदालतले रोकेको विषयमा अदालतसँगै बदला लिने मानसिकता लोकतान्त्रिक संस्कार हुन सक्दैन ।

■ **गुरूप्रसाद बराल**
सांसद, नेकपा एमाले



तपाईंहरूले अदालतमा 'सिण्डिकेट' बनाउनुभयो । हामी त्यो सिण्डिकेट अन्त्य गर्नुपर्छ र काबिल एवं सक्षम न्यायाधीशले न्याय सम्पादन गर्नुपर्छ भनेर आज संसद्मा बोल्दै छौं ।

■ **यज्ञमणि न्यौपाने**
सांसद, रास्वपा



संसद्मा जसरी न्यायालयबारे अनास्था फैलाउने गरी सत्तापक्षबाट बहस थालिएको छ, त्यो गलत छ, न्यायालयमाथि बहस गर्ने थलो संसद् होइन ।

■ **डा. विपिन अधिकारी**
संविधानविद्

■ **जेबी योञ्जन**

**काठमाडौं–** सत्ता र प्रतिपक्षबीचको राजनीतिक टकराव न्यायालयको विषयमासमेत देखिन थालेको छ । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र प्रतिपक्षमा रहेको नेकपा एमालेबीच पछिल्ला तीन दिनयता प्रतिनिधिसभामै न्यायालयको विषयलाई लिएर जुहारी चलिरहेको छ ।

रास्वपाका सांसद यज्ञमणि न्यौपाने सरकारले अघि सारेका कतिपय काममा अदालतले अंकुश लगाएको भन्दै न्यायालयमाथि प्रश्न उठाइरहेका छन् । उनले न्यायालयको संरचना, न्यायाधीशको सम्पत्ति, अदालतका फैसला र न्यायपालिकाको पुनर्संरचनासम्मका विषय संसद्मा उठाएका छन् ।

एमाले भने सत्तारूढ दलका सांसदबाट न्यायपालिकामाथि निरन्तर प्रहार भइरहेको भन्दै त्यसको प्रतिवादमा उत्रिएको छ । एमाले सांसद गुरूप्रसाद बरालले अदालतको फैसला चित्त नबुझे कानुनी बाटो रोज्न सकिने तर संसद्बाटै न्यायाधीश र न्यायिक कामकारबाहीमाथि दबाब सिर्जना गर्न नहुने बताएका छन् ।

बिहीबारको बैठकमा बरालले पछिल्ला दिनमा न्यायिक प्रणालीमाथि पटक-पटक हमला भइरहेको भन्दै सभामुखको ध्यानाकर्षण नै गराए । उनले २०८२ भदौ २४ गते न्यायपालिकामाथि गम्भीर प्रहार भएको र सर्वोच्च अदालतसहित विभिन्न अदालतमा आगजनी तथा तोडफोड भएको प्रसंग उठाए । अदालतका मिसिल तथा अभिलेख नष्ट हुँदा त्यसको असर अहिले पनि न्याय खोजिरहेका नागरिकमाथि परेको उनको भनाइ थियो ।

'त्यसैले मेरो प्रश्न छ कि अदालतलाई कमजोर पारेर लोकतन्त्र बलियो हुन्छ कि न्यायपालिकालाई स्वतन्त्र, सक्षम र निर्भीक बनाएर ?,' उनले प्रश्न गरे ।

बरालले अदालत कुनै सरकारको विरोधी नभई संविधानको रक्षक भएको बताए । उनले सरकार र सत्तारूढ दलले संविधान तथा कानुनको सीमाभन्दा बाहिर जान खोज्दा अदालतले रोक्नु संवैधानिक कर्तव्य भएको बताए । 'अदालतले रोकेको विषयमा अदालतसँगै बदला लिने मानसिकता लोकतान्त्रिक संस्कार हुन सक्दैन,' उनले भने ।

बरालले अदालतका फैसला चित्त नबुझे कानुनी बाटो रोज्न सकिने बताए । न्यायाधीशलाई धम्क्याउने, बदनाम गर्ने वा राजनीतिक दबाब सिर्जना गर्ने अधिकार कसैलाई नभएको उनको भनाइ थियो ।

बरालको अभिव्यक्ति सकिएलगत्तै रास्वपा सांसद न्यौपाने पुनः उठे । उनले रास्वपा अदालतलाई कमजोर बनाउने पक्षमा नरहेको दाबी गरे । बरु कमजोर अदालतलाई सक्षम बनाउने अभियानमा आफूहरू रहेको उनको भनाइ थियो । उनले कांग्रेस र एमालेजस्ता पुराना दलले अदालतमा 'सिण्डिकेट' बनाएको आरोप लगाए ।

'तपाईंहरूले अदालतमा सिण्डिकेट बनाउनुभयो । हामी त्यो सिण्डिकेट अन्त्य गर्नुपर्छ र काबिल एवं सक्षम न्यायाधीशले न्यायसम्पादन गर्नुपर्छ भनेर आज संसद्मा बोल्दै छौं,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### नेपाल र मलेसियाका श्रममन्त्रीबीच फोनवार्ता

# मलेसिया रोजगारीमा सबै व्यवसायीलाई सहभागी गराउन श्रममन्त्री यादवको आग्रह

## मलेसियाका मानव संसाधनमन्त्री रामाननको जवाफ- नेपालसँगको श्रम सम्बन्ध मलेसियाको उच्च प्राथमिकतामा छ



रामानन रामाकृष्णनन



रामजी यादव

■ **ममता थापा**

**काठमाडौं–** सरकारले मलेसियाको श्रमिक भर्ना प्रक्रियामा नेपालका सबै इजाजतपत्र प्राप्त संस्थालाई सहभागी गराउन अनुरोध गरेको छ । बिहीबार युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले मलेसियाका मानव संसाधनमन्त्री दातुक सेरी रामानन रामाकृष्णननसँगको टेलिफोन संवादमा सो अनुरोध गरेका हुन् ।

'हाल सक्रिय रहेका ११ सयभन्दा बढी इजाजतपत्र प्राप्त संस्थाले काम गरिरहेको जानकारी गराउँदै नेपाल सरकारबाट इजाजतपत्र प्राप्त सबै संस्थालाई सो प्रणालीमा सूचीकरणका लागि अवसर उपलब्ध गराउन अनुरोध गर्नुभयो,' मन्त्रालयकी सहसचिव तथा प्रवक्ता मीरा आचार्यले बिहीबार साँझ जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मलेसियाले गत अगस्ट २२ बाट लागू गरेको विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)मा नेपालका २५ वटा 'प्रिन्सिपल एजेन्सी' र सो अन्तर्गत रहनेगरी २५० वटा संस्था 'सहायक एजेन्सी' सूचीकृत भएका छन् । सीमित व्यवसायीलाई मात्रै पहुँच हुने यो प्रणालीको नेपालले विरोध जनाउँदै आएको छ ।

यसै सन्दर्भमा श्रममन्त्री यादवले नेपालको वैदेशिक रोजगारसम्बन्धी कानुन उद्धृत गर्दै नेपाल सरकारबाट मान्यताप्राप्त सबै इजाजतपत्र प्राप्त संस्थाले मलेसियामा निर्वाध र समानरूपमा श्रमिक पठाउने प्रावधान रहेको उल्लेख गरेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# युएईको प्रहरी रिपोर्ट प्रमाणीकरण शुल्क ५० प्रतिशतले घट्ने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी अक्टोबरदेखि संयुक्त अरब इमिरेट्स (युएई) जाने श्रमिकले तिर्दै आएको प्रहरी रिपोर्ट प्रमाणीकरणको शुल्क ५० प्रतिशतले घट्ने भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र युएईका राजदूत अब्दुल्लाह जरवान अलशाम्सीबीच बिहीबार भएको भेटमा उक्त जानकारी गराइएको संघले जनाएको छ ।

भेटमा संघका अध्यक्ष डिकबहादुर खत्री नेतृत्वको प्रतिनिधिमण्डलले प्रहरी रिपोर्ट प्रमाणीकरणविना नै श्रमिकलाई युएई लैजान सकिने व्यवस्था गर्न अनुरोध गरेको संघका महासचिव हिराबहादुर डाँगीले बताए ।

सो क्रममा राजदूत अलशाम्सीले प्रमाणीकरणको विषय युएईको आन्तरिक सुरक्षा व्यवस्थासँग सम्बन्धित भएकाले पूर्णरूपमा हटाउन सम्भव नभए पनि आगामी अक्टोबरदेखि प्रमाणीकरणमा लाग्दै आएको शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने व्यवस्था मिलाइएको जानकारी गराएका थिए ।

साथै, प्रमाणीकरण गर्न हाल लागिरहेको समयावधिलाई घटाएर तीन कार्यदिनभित्र सम्पन्न हुने व्यवस्था मिलाइएकोसमेत जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# पूर्वराष्ट्रपति भण्डारीबारे एमालेको दुईथरी निर्णय

## एक वर्षअघि राजनीतिमा आउनै हुन्न, अहिले सीधै वरिष्ठ नेता






- अघिल्लो वर्षको साउनमा एमालेले विद्या भण्डारीलाई पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा आउन नहुने भन्दै नवीकरण भएको सदस्यतासमेत रद्द गरिदिएको थियो
- यो वर्षको केन्द्रीय कमिटी बैठकले भण्डारीलाई दियो 'वरिष्ठ नेता'को पुरस्कार
- अरूको आक्रमणबाट जोगिन ओलीले भण्डारीलाई वरिष्ठ नेतामा मनोनीत गरेको आरोप

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गत वर्षको असार पहिलो हप्ता पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमालेका प्रत्यक्ष राजनीतिमा आउन पूर्णतयारीमा थिइन् । सक्रिय राजनीतिमा आउने भएपछि उनले राज्यबाट पाउने विभिन्न सुविधा पनि त्यागिन् ।

त्यतिबेला एमालेभित्र अध्यक्ष केपी शर्मा ओलीविरुद्ध एक किसिमको विद्रोहको तयारी पनि थियो । नेताहरू सुरेन्द्र पाण्डे, विष्णुप्रसाद पौडेल, योगेश भट्टराईहरूले अभियान चलाउँदै गर्दा भण्डारी सदस्यता नवीकरण गरेर नेतृत्व लिन तयार थिइन् । अध्यक्ष ओली त्यतिबेला प्रधानमन्त्रीसमेत थिए ।

भण्डारीको आगमनले आफ्नो पद धरापमा पर्ने देखिएपछि ओलीले तत्कालै पूर्वराष्ट्रपतिले राजनीतिमा आउनै नहुने निर्णय गरे । भण्डारीको निर्णयले झस्केका ओलीले उनको सदस्यता नवीकरण नै खारेज गरिदिए । 'पूर्वराष्ट्रपति राजनीतिमा आउन हुँदैन भनेर हामीले निष्कर्ष निकालेका छौं । अब सदस्यता नवीकरणको विषय स्वतः निष्क्रिय भयो,' अघिल्लो वर्षको साउन ७ गते महासचिव शंकर पोखरेलले भनेका थिए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## न्यायालयबारे...

न्यौपानेले आफूहरू कुनै मुद्दाको फैसला पुनरावेदनका रूपमा संसद्मा सुनुवाइ गर्न नखोजेको पनि बताए । तर गलत फैसला भएको अवस्थामा महाभियोगको संवैधानिक व्यवस्थासहित न्यायिक सुधारका विषयमा संसद्मा बहस गर्न सकिने उनको तर्क थियो । उनले स्वतन्त्र न्यायपालिकाप्रति आफूहरू प्रतिबद्ध रहेको दाबी गरे ।

तर उनको अभिव्यक्तिपछि बरालले पुनः नियमापत्ति गरे । अदालतका फैसलाको अध्ययन गर्ने निकाय संसद् नभएको उनको भनाइ थियो । 'अदालतका फैसलाहरूको अध्ययन गर्ने समिति संसद् होइन र अदालतका फैसलालाई संसद्ले अध्ययन गर्न मिल्दैन,' उनले भने ।

न्यायालय सुधारका लागि न्याय परिषद्को व्यवस्था रहेको भन्दै उनले आवश्यक सुधार त्यही प्रक्रियाबाट अघि बढाउनुपर्ने बताए । यसले संसद्मा न्यायालय सुधारको बहस र न्यायपालिकाको स्वतन्त्रताको प्रश्नलाई आमनेसामने ल्याएको छ ।

अधिवक्तासमेत रहेका न्यौपानेले यसअघि मंगलबार प्रतिनिधिसभाको विशेष समयमा न्यायालयको पुनर्संरचनाको आवश्यकता औंल्याएका थिए । राजनीतिक परिवर्तन भए पनि न्यायालयमा परिवर्तन नभए नागरिकको अवस्थामा परिवर्तन नआउने उनको तर्क थियो ।

'हामीले पटक-पटक सिंहदरबार फेर्‍यौं, संविधान फेर्‍यौं, सरकार फेर्‍यौं । अब न्यायालय नफेरे व्यवस्था नयाँ, अवस्था पुरानै हुन्छ,' उनले भने ।

न्यौपानेले न्यायालयले राजनीतिक तथा सामाजिक परिवर्तनलाई स्वीकार गर्न नसकेको आरोपसमेत लगाए । न्यायपालिकाको संरचना, न्यायाधीशको सम्पत्ति र अदालतका फैसलामाथि अध्ययन आवश्यक रहेको उनको भनाइ थियो । सरकारले भ्रष्टाचार तथा अकुत सम्पत्तिमाथि अनुसन्धान गर्न खोज्दा अदालतका आदेशबाट अवरोध आएको दाबी पनि उनले गरे ।

'राज्यले दुईतिहाइको सरकार पायो तर अकुत सम्पत्ति आर्जन गर्नेको सम्पत्ति छानबिन गर्न पाएन,' उनले भने ।

उनले न्यायाधीशको सम्पत्ति छानबिन गर्नुपर्ने, न्याय परिषद्मा परेका विषयमा प्रभावकारी कारबाही हुनुपर्ने र अदालतका फैसलाको अध्ययनका लागि संसदीय संयन्त्रबारे बहस गर्नुपर्ने प्रस्ताव अघि सारे ।

न्यौपानेको अभिव्यक्तिपछि एमाले सांसद बरालले सोही दिन पनि नियमापत्ति गरे । उनले शक्ति पृथकीकरणको सिद्धान्त स्मरण गराउँदै न्यायपालिकामाथि हस्तक्षेप गर्न नहुने बताए ।

यो विषय बुधबारको बैठकमा पनि उठेको थियो । रास्वपा सांसद मधुकुमार चौलागाईंले शून्य समयमा सर्वोच्च अदालतको पछिल्लो अन्तरिम आदेशलाई लिएर प्रश्न उठाए । उनले संघीय संसद्को नियमावलीका केही व्यवस्थाको कार्यान्वयन रोक्ने सर्वोच्चको आदेशले संसद्को सार्वभौम अधिकार कुण्ठित गरेको आरोप लगाए ।

'हामीले खोजेको स्वतन्त्र न्यायपालिका, हामीले खोजेको जनतालाई न्याय डेलिभरी गर्ने न्यायपालिका आज निरंकुशतातिर गएको छ,' उनले भने ।

उनले न्यायपालिकाको पुनर्संरचना आवश्यक रहेको बताए । चौलागाईंको अभिव्यक्तिप्रति नेकपाकी सांसद बलावती शर्माले नियमापत्ति गरिन् । उनले संविधानको धारा १०५ को व्यवस्था स्मरण गराउँदै न्यायालयमाथिको बहसमा संवैधानिक सीमा रहेको बताइन् । उनका अनुसार न्यायिक कार्यमा प्रतिकूल असर पर्ने विषय संसद्मा उठाउन मिल्दैन ।

संविधानविद् डा. विपिन अधिकारीको विचारमा संसद् न्यायालय र त्यसले सम्पादन गरेको न्यायबारे बहस गर्ने ठाउँ होइन । 'संसद्मा जसरी न्यायालयबारे अनास्था फैलाउने गरी सत्तापक्षबाट बहस थालिएको छ, त्यो गलत छ, न्यायालयमाथि बहस गर्ने थलो संसद् होइन,' उनले प्रभावसँग भने ।

न्यायालयमाथि प्रश्न उठाउने अधिवक्ता न्यौपानेले उनकै दल रास्वपाका सभापति रवि लामिछाने नागरिकता विवाददेखि सहकारी ठगीदेखि सम्पत्ति शुद्धीकरण मुद्दाका विपक्षी हुँदा अदालतहरूमा रविको तर्फबाट बहस गरेका थिए । तर, अदालतले उनको जिकिरविपरीत अदालतले रविलाई जेल पठाएको थियो । यसपछि उनी, सभापति रवि देखि सिंगो रास्वपा पंक्ति अदालतप्रति नकारात्मक छ । गत वर्षको २४ भदौमा भएको जेन-जी विद्रोहमा अदालतलाई पनि निशाना बनाएका थिए । यसपछि उनीहरूले खुसीले उत्सव मनाएका थिए । उनीहरूमध्ये अधिकांश हाल रास्वपामा छन् ।

■■■

## मौसमी विपद्को...

बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशको एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ । मधेस प्रदेश तथा बागमती, गण्डकी र लुम्बिनी प्रदेशको तराई भू-भागका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना छ ।

शनिबार दिउँसो गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली र पहाडी भू-भागका अधिकांश स्थानमा, तथा कोशी र बागमती प्रदेशका हिमाली र पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन र चटचाङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका अधिकांश स्थानमा, साथै मधेस प्रदेश तथा कोशी, बागमती र गण्डकी प्रदेशको तराई भू-भागका केही स्थानमा मेघगर्जन तथा चटचाङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ । मधेस प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको तराई भू-भागका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना छ ।

शनिबार राति बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली र पहाडी भू-भागका धेरै स्थानमा, तथा कोशी प्रदेशका हिमाली र पहाडी भू-भागका केही स्थानमा मेघगर्जन/चटचाङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका धेरै स्थानमा, साथै मधेस प्रदेश तथा कोशी प्रदेशको तराई भू-भागका केही स्थानमा मेघगर्जन/चटचाङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा तथा बागमती प्रदेशको एक-दुई स्थानमा भारी देखि धेरै भारी वर्षाको सम्भावना छ । मधेस प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको तराई भू-भागका केही स्थानमा हावाहुरीकोसमेत सम्भावना छ ।

### पदयात्रा रोक्न टानको आग्रह

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)ले पदयात्रा रोक्न आग्रह गरेको छ । टानका महासचिव सोनामग्याल्जेन शेर्पाले बिहीबार विज्ञप्ति जारी गर्दै असोज ११ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले पर्यटकलाई पदयात्रा रोक्न र उच्च सतर्कता अपनाउन आग्रह गरे ।

अविरल वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो तथा डुबान हुनसक्ने र पदयात्रा मार्ग तथा यातायात सेवा प्रभावित हुने जोखिम रहेकाले पदयात्रा रोक्न टानले आग्रह गरेको हो । जोखिमपूर्ण परिस्थितिमा सकभर नयाँ पदयात्रामा ननिस्कन र पदयात्रा गन्तव्यमा रहेका पर्यटक तथा सहयोगी टोलीलाई सुरक्षित स्थानमा राख्न आग्रह गरिएको महासचिव शेर्पाले बताए । खोला किनार, भिरालो जमिन र पहिरोको जोखिम भएका क्षेत्रमा नबसी पर्वतारोहण तथा अन्य साहसिक पर्यटनका गतिविधि नगर्न/नगराउन पनि टानले अनुरोध गरेको छ ।

■■■

## पूर्वराष्ट्रपति...

त्यसपछि भदौ २३ र २४ गते जेन-जी विद्रोह भयो । ओली सत्ताच्युत भए । त्यसै वर्षको पुस ३ गते सम्पन्न ११औं महाधिवेशनले ओलीलाई तेस्रोपटक पनि अध्यक्षमा निर्वाचित बनाइदियो । ओली अध्यक्षमा निर्वाचित भए पनि पछिल्लो समय आफूनिकटकै नेताहरू उनीविरुद्ध मोर्चाबन्दीमा उत्रिए । महासचिव पोखरेल, नेता कृष्णगोपाल श्रेष्ठलगायतका नेताहरू मोर्चाबन्दीमा उत्रिएपछि ओलीले भण्डारीलाई पार्टीमा ल्याउनुबाहेक विकल्प देखेनन् ।

बिहीबार ललितपुरको भनिमण्डलस्थित रामबाग महलमा सम्पन्न केन्द्रीय कमिटी बैठकले भण्डारीलाई अब राजनीतिमा आउन मिल्ने भनेर सदर गरिदिएको छ । 'पार्टीका पूर्वउपाध्यक्ष तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी नेतृत्वको दोस्रो वरीयतामा रहनेगरी वरिष्ठ नेतामा मनोनीत गरिएको छ,' बैठकपछि महासचिव पोखरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

भण्डारीको मनोनयनसँगै उपाध्यक्ष रामबहादुर थापाको वरीयताक्रम घटुवा भएको छ । यसअघि थापा वरीयताक्रममा ओलीपछि थिए । तत्कालीन नेकपा माओवादी केन्द्रबाट एमालेमा प्रवेश गरेका थापाको नेतृत्वलाई नरुचाएको हुनाले भण्डारीलाई अघि बढाइएको बताइएको छ ।

### ईश्वरसहित सात जना स्थायी कमिटीमा, ३३ जना केन्द्रीय कमिटीमा मनोनीत

एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्ना प्रत्यासी ईश्वर पोखरेलसहित सात जनालाई स्थायी कमिटीमा मनोनीत गरेका छन् । ईश्वर ११औं महाधिवेशनमा ओलीका प्रत्यासी थिए ।

त्यसैगरी प्रदीप ज्ञवाली, काशीनाथ अधिकारी, पूर्वसभामुख देवराज घिमिरे, शिवमाया तुम्वाहाङ्फे, लालबाबु पण्डित, थममाया थापालाई पनि स्थायी कमिटीमा मनोनीत गरेको छ । महासचिवको दाबी गरेका ज्ञवाली एमालेको ११औं महाधिवेशनमा अन्तिममा रुँदै केन्द्रीय सदस्यमा सीमित बनेका थिए । घिमिरे २०७९ देखि २०८२ सम्म सभामुख रहेकोमा प्रतिनिधिसभामा पराजित भएपछि राजनीतिबाट छायामा परेका थिए ।

बैठकले ३३ जनालाई केन्द्रीय कमिटी सदस्यमा मनोनीत गरेको छ । यसरी केन्द्रीय कमिटीमा मनोनीत हुनेमा काशीनाथ अधिकारी-चितवन, देवराज घिमिरे- झापा, हरि रिजाल- प्यूठान, पासाङ शेर्पा- ताप्लेजुङ, नरेन्द्र भट्टराई- इलाम, नन्दराम देवकोटा- खोटाङ, धर्म गिरी- प्यूठान, नारायण घर्ती- जाजरकोट, विद्यासुन्दर शाक्य- काठमाडौं, शान्तिलाल महत- जुम्ला, पोल्टेनछेपाङ गुरूङ- मनाङ, प्रेम दंगाल- काठमाडौं, सुरेन्द्र उदास- भोजपुर, विनोद पाण्डे-काठमाडौं, पुष्पराज श्रेष्ठ- सिन्धुली, विमला घिमिरे- कपिलवस्तु, शिवमाया तुम्वाहाङ्फे- मोरङ, कौशिला खत्री- जाजरकोट, जानुका सिम्खडा- धादिङ, बिना बास्तोला- भक्तपुर रहेका छन् ।

त्यसैगरी पार्टीमा समायोजन भएर केन्द्रीय सदस्य हुनेमा मोहम्मद इस्तियाक राई- बाँके, प्रदीप यादव- पर्सा, अब्दुल हुसैन अंसारी-सुनसरी, डिबी कार्की-स्यांङ्जा, भवानी खापुङ-तेह्रथुम, दीपक साउद- अछाम, जय गोले (तामाङ)- काठमाडौं, धर्मराज निरौला- सुनसरी, रवि चामलिङ- खोटाङ, विनोद पहाडी- रूपन्देही, श्रीप्रसाद शर्मा-बागलुङ, रामप्रीत राम- सिरहा र ध्रुव विष्ट- भक्तपुर छन् ।

### ओली र पौडेल पक्राउको विरोध

एमाले बैठकले अध्यक्ष ओली र उपाध्यक्ष पौडेल पक्राउको विरोध जनाएको छ । 'नयाँ सरकार बनेको केही घण्टा बित्दानबित्दै पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई रातारात गरिएको घर घेराउ र गिरफ्तारी एवं लगाउन खोजिएको मुद्दा राजनीतिक प्रतिशोध र मुलुकलाई मुठभेडतिर लैजाने दूषित मनशायको पराकाष्टा थियो । यो बैठक सरकारको उक्त प्रतिशोधी कुकृत्य र त्यसको केही समयपछि पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई गरिएको दुराशययुक्त गिरफ्तारीको निन्दा र भर्त्सना गर्दछ,' निर्णयमा भनिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार बनेलगत्तै गत चैत १४ गते ओली पक्राउ परेका थिए । त्यसैगरी गत असार ८ गते सम्पत्ति शुद्धीकरण मुद्दामा पौडेल पक्राउ परेका थिए । बैठकले अध्यक्ष ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन सर्वसम्मतले पारित गरेको छ ।

■■■

## मलेसिया रोजगारीमा...

टेलिफोन संवादमार्फत मन्त्री यादवले नेपाल सरकारले इजाजतपत्र प्रदान गरेको संस्थाको सूचीकरण दुवै मुलुकको समझदारीमा हुनुपर्ने स्पष्ट पारिएकोसमेत जनाइएको छ । 'नेपाल सरकार र मलेसिया सरकारबीच भएको श्रम सम्झौतामासमेत नेपाल सरकारबाट इजाजतपत्र प्राप्त संस्थाले मलेसियामा समान हैसियतमा नेपाली कामदार पठाउन पाउने प्रावधान रहेको स्मरण गराउँदै सो प्रणालीमा इजाजतपत्र प्राप्त संस्थाको सूचीकरण दुईपक्षको समझदारी र दुवै पक्षलाई मान्य हुनेगरी कार्यान्वयनमा लगिनुपर्ने उल्लेख गर्नुभयो,' विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयकाअनुसार मलेसियाका मानव संसाधनमन्त्री रामानन्ले मलेसिया सरकारले नेपालसँगको श्रम सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको र सुरक्षित, मर्यादित र पारदर्शी श्रम आप्रवासनका पक्षमा रहेको बताए । मलेसिया सरकारले हाल लागू गरिएको प्रणालीले नेपालमा विकसित अवस्था र नेपालको अनुरोधलाई उच्च प्राथमिकतामा छलफलमा राख्ने उनले बताएको जनाइएको छ । सो क्रममा विकसित समस्यालाई हल गर्न संवादलाई निरन्तरता दिन नेपालले गरेको अनुरोधलाई मलेसियाले स्वीकार गरेको बुझिएको छ ।

विगतमा नेपालले एफडब्ल्युसिएमएस लागू हुन नसक्ने भन्दै पटक-पटक जवाफ पठाउँदा पनि मलेसियाले वास्ता नगरेको अवस्था थियो । गत असोज मंगलबार प्रधानमन्त्री बालेन्द्र शाह र मलेसियाका समकक्षी अनवर इब्राहिमबीच भएको टेलिफोन वार्ताको संवादपछि भने मलेसियापक्ष केही लचक भएको देखिन्छ ।

सीमित व्यवसायीलाई मात्रै अवसर हुने उक्त प्रणाली नेपाललाई स्वीकार्य नहुने प्रधानमन्त्री शाहले बताएपछि मलेसियाका प्रधानमन्त्री अनवरले आफू पनि एकाधिकारको विरुद्धमा रहेको उल्लेख गरेका थिए । अनवरले तत्काल आफ्ना श्रममन्त्रीलाई नेपालका श्रममन्त्रीसँग समस्या समाधानका लागि संवाद अगाडि बढाउन निर्देशन दिने बताएका थिए ।

प्रधानमन्त्रीद्वयबीच वार्ता भएको दुई दिनपछि दुवै देशका श्रममन्त्रीको बीचमा टेलिफोन वार्ता भएको हो ।

■■■

## युएईको प्रहरी...

हाल रोजगारीमा उक्त मुलुक जाने श्रमिकले पुलिस रिपोर्ट प्रमाणीकरणका लागि १४ हजार रूपैयाँभन्दा बढी तिर्दै आएका छन् । अक्टोबरदेखि भने यस्ता श्रमिकले केही राहत पाउने भएका छन् । उक्त निकट भविष्यमा नेपालबाट भ्रमण तथा व्यावसायिक भिसामा उक्त मुलुक जाने नेपालीहरूका लागि रिपोर्ट प्रमाणीकरण गर्न नपर्ने व्यवस्था मिलाउने प्रतिबद्धतासमेत राजदूतबाट व्यक्त भएको संघले जनाएको छ ।

त्यसैगरी, युएईले नेपालको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित व्यावसायिक उडान सञ्चालन गर्न थालेको छ । भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाटसमेत नियमित उडान सञ्चालनका लागि आवश्यक पहल भइरहेको जानकारी पनि राजदूत अलशाम्सीले गराएको डाँगीले बताए ।

यसले विगतमा भारत हुँदै गन्तव्य मुलुक जान बाध्य नेपाली श्रमिकलेसमेत राहत पाउने अपेक्षा गरिएको छ ।

संघले वैदेशिक रोजगार व्यवसायीलाई उक्त विमानस्थलमार्फत श्रमिक पठाएर नियमित हवाई सेवा सञ्चालनलाई थप सहज बनाउने वातावरण सिर्जना गर्न अनुरोधसमेत गरिएको छ ।

---

**बोल पत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०९**

श्री सिंहदेवी सा.व.उ.स,कनपा-१३ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान २०५ को १७४३.३९ क्यू.फिट गोलिया साल जातको काठ र साल दाउरा ३ चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिंहदेवी सा.व.उ.स.कनपा-१३ सिन्धुली**

---

**मोटरसाइकल हरायो**

मिति २०८३/०६/०७ गते दिनको ८:३० बजेको समयमा का.जि.का.म.न.पा. वडा.नं. ०८, पशुपति मन्दिर स्थित पाकिङ्ग खण्ड नजिकैबाट दिनको ८:३० बजेको समयमा कालो रातो रङ्गको निम्न व्यहोरा भएको 220 सि.सि. को पल्सर मोटरसाइकल हराएको हुदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**सवारी धनीः हुलास फिन सर्भ**
**ऋणी : राज कुमार राई**
**बाइक नं. :बा.प्र.०२-०५६ प २७९५**
**च्यासिस नं.:** MD2A13EX8SCK80237
**इन्जिन नं.:** DKXCSK04933
**सम्पर्क नं.: ९८६०६४४५५१/९७०४५८४९४२**

---

**होम डेजिङ कम्पनी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति २०८३/०६/०९ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०६/०७ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **होम डेजिङ कम्पनी प्रा.लि.** (प्रा.लि.नं.१४०४६६/०७२/७३) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

---

**ए. प्लस ट्राभलर एण्ड फोटोग्राफी कम्पनी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति २०८३/०६/०९ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०६/२२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **ए. प्लस ट्राभलर एण्ड फोटोग्राफी कम्पनी प्रा.लि.** (प्रा.लि.नं.२००५६६/०७५/७६) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

---

**मिडिया स्केप कम्पनी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति २०८३/०६/०९ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/११/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **मिडिया स्केप कम्पनी प्रा.लि.** (प्रा.लि.नं.१३३३१८/०७१/७२) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

---

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बागमती प्रदश, ललितपुरको**

**सूचना !**

*प्रकाशित मिति २०८३/०६/०९ गते*

उपरोक्त सम्बन्धमा (साविक परवानीपुर गा.वि.स.वडा नं.४) हाल लालबन्दी न.पा. वडा नं.१६, सर्लाही बस्ने लिला माया रायले यस महालक्ष्मी नगरपालिका वडा नं.४ मा पर्ने कि.नं.३५ क्षेत्रफल १२९.१६ व.मि (१३९०.२७ व.फि.) को जग्गामा घर निर्माण गर्न अनुमति पाऊँ भनी यस न.पा.कार्यालयमा दिनुभएको निवेदन अनुसार यो सूचना प्रकाशित गरिन्छ कि तपसिलमा उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई साँधसँधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा यो सूचना टाँस भएको मितिले **१५ (पन्ध्र) दिन** भित्र महालक्ष्मी नगरपालिकामा निवेदन दिनुहुन तथा साँधसँधियारको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । म्यादभित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा निवेदकको माग अनुसार नक्सा पास भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| दिशा | सँधियारको नाम | परिदृश्य | कि.नं. |
|---|---|---|---|
| उत्तर | उत्तम बहादुर कुँवर | घर | ८७, ८९, ११३ |
| पूर्व | राजीब बहादुर श्रेष्ठ<br>उत्तरबहादुर लिम्बु | जग्गा | १००, १०२ |
| दक्षिण | पूर्णकुमार लिम्बु<br>जुनु लिंग्देन | जग्गा | ३० |
| पश्चिम | बाटो | सडक | |

---

**एड्भरटिजमेन्ट एन्ड डिजिटल नेटवर्क कम्पनी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति २०८३/०६/०९ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०५/२६ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **एड्भरटिजमेन्ट एन्ड डिजिटल नेटवर्क कम्पनी प्रा.लि.** (प्रा.लि.नं.१७४९३४/०७४/७५) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा नं.१२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

---

**महेन्द्र कन्सल्टेन्सी कम्पनी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना**

*प्रकाशित मिति २०८३/०६/०९ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/१२/०५ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **महेन्द्र कन्सल्टेन्सी कम्पनी प्रा.लि.** (प्रा.लि.नं.१८५९५७/०७४/७५) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

---

**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !**

हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०३/०४ मा दर्ता कायम भएको **एडप्टेशन ग्रुप अफ नेपाल प्रा.लि.** (प्रा.लि.नं.११३५०६/०६९/०७०) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०८ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न व्यहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/११/०५ मा दर्ता भएको यस **श्री देवान्शी ट्रेडर्स प्राइभेट लिमिटेड** (प्रा.लि.नं.२०८७८३) कम्पनी यस कार्यालयको मिति २०८३/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**पोलिसी रिसर्च एण्ड डिबेट सेन्टर, नेपालको**

**छैटौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

PRDC

*प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०९ गते*

**आदरणीय सेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८३ साल असोज ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको **छैटौं वार्षिक साधारण सभा** निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान** :
**मिति** : २०८३ साल असोज ३० गते
**समय** : विहान १०:०० बजे
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, बागबजार, काठमाडौं

**छलफलका विषयहरू** :
(क) **साधारण प्रस्तावहरू**
१. आ.व.२०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन स्वीकृत गर्ने
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन वा वार्षिक आर्थिक प्रतिवेदन स्वीकृत गर्ने
३. आ.व. २०८३/८४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने
४. विविध
(ख) **विशेष प्रस्तावहरू** : नभएको ।

**सञ्चालक समिति**
पोलिसी रिसर्च एण्ड डिबेट सेन्टर, नेपाल

---

**डि आश्रम रिसोर्ट**
**काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.२७, नेपाल**
**इमेल** : Deashram18@Hotmali.com

**छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०९**

**आदिरणीय, सेयरधनी महानुभावहरू,**

यस **डि आश्रम रिसोर्ट लिमिटेड** को मिति २०८३ असोज ५ गते सोमबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको **प्रथम वार्षिक साधारण सभा** बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

**मिति** : २०८३ साल असोज महिना २९ गते, बिहिबार (तद्रुसार १५, अक्टुबर २०२६)
**समय** : बिहानको १०:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २७, नेपाल

**(क) सामान्य प्रस्तावहरू**

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८) को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७९/०८) को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४) कम्पनीको सञ्चालक समिति गठन गर्न छलफल गरी पारित गर्ने।
५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत सेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको का अनुमोदन गने प्रस्ताव उपर छलफल गरी पारित गर्ने।

**सञ्चालक मितिको आज्ञाले**
**कम्पनी सचिव**



**झरीको मौसम** | भक्तपुरमा मौसममा आएको परिवर्तनसँगै परेको झरीका कारण छाताको सहारामा आफ्नो गन्तव्यतर्फ जाँदै गरेका सर्वसाधारण तथा विद्यार्थी ।
*तस्बिरः रासस*

# जोखिमयुक्त स्थान र विद्यालयहरूमा कामपाको निगरानी

**काठमाडौं (प्रस)–** नियमितरूपमा पानी पर्न थालेपछि काठमाडौं महानगरपालिका (कामपा)ले जोखिमयुक्त स्थान र विद्यालयहरूमा निगरानी बढाएको छ । सम्भावित बाढी र डुबानबाट बालबालिकालाई जोगाउन, डुबानका कारण भौतिक सम्पत्तिमा हुन सक्ने क्षति कम गराउन निगरानी बढाइएको महानगरपालिकाले जनाएको छ ।

बंगालको खाडीमा विकसित न्यून चापीय प्रणाली थप विकसित हुँदै गएपछि काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा अहिले वर्षा भइरहेको छ । अहिले सामान्य पानी परिरहेको भए पनि यो भारी वर्षाका रूपमा विकसित हुनसक्ने देखिएकोले जोखिमयुक्त स्थान र विद्यालयहरूमा निगरानी बढाइएको हो ।

जोखिमपूर्ण क्षेत्रमा रहेका विद्यालयको अवस्थासमेत मूल्यांकन गरी आवश्यक परे विद्यालय सञ्चालन तथा पठनपाठन स्थगन गर्ने अधिकार र जिम्मेवारी शिक्षा विभागलाई दिइएको माहानगरपालिकाले जनाएको छ ।

मौसमजन्य विपदको पूर्वतयारी र प्रतिकार्य योजनाका लागि बुधबार महानगर विपद् व्यवस्थापन समितिको बैठक बसेको थियो । बैठकले सम्भावित बाढी, डुबान, पहिरो तथा जलजन्य जोखिम न्यूनीकरणका लागि पूर्वतयारी र प्रतिकार्य प्रणाली सक्रिय बनाउने, सुरक्षा निकाय, रेडक्रसलगायत निकायसँग समन्वय बढाउने निर्णय गरेको छ ।

बैठकले, भारी वर्षाबाट महानगर क्षेत्रभित्र हुनसक्ने जोखिम न्यूनीकरणका लागि महानगरका सबै संयन्त्र, विभाग, निकाय र वडा कार्यालयलाई पूर्वतयारी तथा प्रतिकार्यका काम सक्रियरूपमा सञ्चालन गर्न निर्देशन दिएको छ ।

नदी किनारका क्षेत्रमा माइकिङ गर्ने, पानी निकास हुने स्थानमा निगरानी बढाउने तथा ढल, मंगाल र क्याचपिट सफाइलाई तीव्रता दिने निर्णयमा उल्लेख छ ।

# टिमुरे बाढीमा ४४१ चालक–सहचालक र व्यवसायी सम्पर्कविहीन

■ प्रभाव संवाददाता



**काठमाडौं–** रसुवाको टिमुरेमा गत भदौ १० गते गएको बाढीले ३३८ ट्रक तथा कन्टेनर बगाएको विवरण सार्वजनिक भएको छ । नेपाल ट्रक यातायात व्यवसायी महासंघले यातायात व्यवस्था विभागलाई उपलब्ध गराएको विवरणअनुसार बाढीमा परी ती सवारीसाधनसँगै ४४१ चालक, सहचालक तथा व्यवसायीसमेत सम्पर्कविहीन भएका छन् ।

भोटेकोशी बाढीबाट सार्वजनिक यातायात क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिको विवरण संकलन गर्ने क्रममा विभागले सरकारी तथा गैरसरकारी निकाय, निजी संघसंस्था, सञ्चारमाध्यम, अनुसन्धानकर्ता तथा सरोकारवालासँग क्षतिको तथ्यांक माग गरेको थियो । विभागले यही असोज २ गते सूचना जारी गर्दै सात दिनभित्र क्षतिसम्बन्धी विवरण उपलब्ध गराउन आग्रह गरेको थियो ।

विभागको उक्त आग्रहपछि नेपाल ट्रक यातायात व्यवसायी महासंघले यही असोज ५ गते विभागलाई प्रारम्भिक क्षतिको विवरण पठाएको हो । महासंघले विभिन्न सदस्य संघ, समिति तथा कम्पनीबाट संकलन गरेको विवरण विभागलाई उपलब्ध गराएको जनाएको छ ।

महासंघका अध्यक्ष राजेन्द्रविक्रम बानियाँले गत भदौ १० गतेको बाढीका कारण टिमुरे क्षेत्रमा ठूलो क्षति हुँदा मालवाहक सवारीसाधन तथा त्यसमा संलग्न व्यक्तिहरू सम्पर्कविहीन भएको बताए । उनले यातायात व्यवस्था विभागले क्षतिको यकिन विवरण संकलन गर्न आग्रह गरेपछि महासंघले सदस्य संस्थाबाट प्राप्त विवरण संकलन गरी पठाएको जानकारी दिए ।

विवरणअनुसार नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रालि लोकन्थलीका २१७ ट्रक तथा कन्टेनर र २५१ चालक, सहचालक तथा व्यवसायी सम्पर्कविहीन छन् । यस्तै नारायणी यातायात व्यवसायी संघ हेटौंडाका ५८ ट्रक तथा कन्टेनर र ७८ जना, तराई यातायात व्यवसायी संघ सिमराका २१ सवारीसाधन र ३५ जना तथा ट्रक यातायात व्यवसायी संघ नेपाल, बल्खुका १० कन्टेनर र २० जना सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ ।

त्यसैगरी गण्डकी ट्रक व्यवसायी संघ पोखराका २१ ट्रक तथा कन्टेनर र ३४ जना तथा पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलका ११ कन्टेनर र २२ जना सम्पर्कविहीन रहेको महासंघले जनाएको छ ।

नेपाल ट्रक कन्टेनर व्यवसायी संघका अध्यक्ष अर्जुनबहादुर सापकोटाका अनुसार थप विवरण संकलन हुने क्रम जारी रहेकाले बगेका सवारीसाधन तथा सम्पर्कविहीन व्यक्तिको सङ्ख्या अझै बढ्न सक्नेछ । महासंघका अध्यक्ष बानियाँले प्राप्त विवरण प्रारम्भिक भएकाले थप तथ्यांक प्राप्त भएमा त्यसलाई समेत समेटिने बताए । उनका अनुसार बाढीबाट भएको क्षतिको यकिन विवरण संकलनसँगै प्रभावित व्यवसायी तथा परिवारको राहत, क्षतिपूर्ति र पुनःस्थापनाका विषयमासरकारले आवश्यक पहल गर्नुपर्ने अवस्था छ ।

यातायात व्यवस्था विभागले पूर्वाधार विकास मन्त्रीको अध्यक्षतामा गत भदौ २६ गते यातायात व्यवसायी तथा सरोकारवालासहित बसेको बैठकको निर्णयअनुसार सार्वजनिक यातायात क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिको मूल्यांकन, क्षतिपूर्तिको आधार तथा अन्य विषयमा राय–सुझावसहित प्रतिवेदन तयार गर्न समिति गठन गरेको जनाएको छ ।

विभागले विपद्बाट भएको क्षतिसम्बन्धी तथ्यांक उपलब्ध गराउन आग्रह गर्दै संस्थाहरूले आफ्नो पहिचान खुलाएर विवरण पठाउनुपर्ने र सम्भव भएसम्म तथ्यांकको स्रोतसमेत उल्लेख गर्नुपर्ने जनाएको थियो । महासंघले सोही आग्रहअनुसार आफू मातहतका संघ तथा समितिबाट विवरण संकलन गरी विभागमा पठाएको हो ।


## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१०/२७ मा दर्ता कायम भएको **हार्डवेयर वर्ल्ड इन्टरप्राइजेज प्रा.लि.** (प्रा.लि.नं.१६३४९८/२०७३/०७४) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०८ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

**J.K.R. Herbs Distill Extract And Rosin Industry Pvt.Ltd**
**Kathmandu-16, Kathmandu**

## Vacancy Announcement

*Publised Date : 2083-06-09*

**We are Looking for,**

**Requirements :**

**Post :** Extraction Technicians-2 person and Accident Extraction Technicians-2 Both Nepalese and foreigner candidates can apply the post priority will be given to Nepalese.

**Qualification:** at least 3 years experience as extraction in extraction plant. Must have basic knowledge for extraction and chemical All qualified candidates meeting the above criteria must apply email before 4th October 2026, salary and working duration will be negotiable for qualified and eligible candidates.

**JKR herbs distill extract and rosin industries Pvt.Lt**
**Janaki-6, Banke**

**Contact No.9851016888, E-mail : nepaljkrgroup@gmail.com**

## कुवेत/युएइमा रोजगार

कम्पनी : Mubaader Company For Small And Medium Enterprise Services, Organization Of Conferences And Projects

पूर्व स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 348388 | चलानी नं. ६०२६१५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/HELPER | 0 | 2 | 130 | ६४,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 1 | 2 | 200 | ९९,४५० | | | | | | | |
| 3 | Graphic Designer | 2 | 0 | 280 | १,३९,२४३ | | | | | | | |
| 4 | DRIVER LIGHT (NEPALI LIC.) | 2 | 0 | 150 | ७४,५९५ | | | | | | | |

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 348414 | चलानी नं. ६०२६१६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 1000 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १६ गते (2nd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१७५१/०८१/०८२

**SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.**
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Con; 9809465314,9860291781,9820565314 ,Tel No.: 01-5929466
Email: Shukranrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

- तलबः योगयता तथा अनुभवअनुसार Negotiable
- आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## कतारमा रोजगार

कम्पनी : Broxol Cleaning and Hospitality

पूर्व स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 348295 | चलानी नं. ६०२६१६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 3 | 6 | 1700 | ७१,३९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ALL VEHELICLS DRIVER | 1 | 0 | 2200 | ९२,३९३ | | | | | | | |
| 3 | Office Cleaner | 0 | 5 | 1000 | ४१,९९७ | | | | | | | |
| 4 | Cleaners (Public Areas) | 0 | 3 | 1000 | ४१,९९७ | | | | | | | |
| 5 | SUPERVISOR / GENERAL | 1 | 0 | 2600 | १,०९,१९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १६ गते (2nd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १८२९/०८२/०८३

**Diamond International Overseas Pvt. Ltd.**
Aloknagar Marg, New Baneshwor-31, Kathmandu, Nepal
Email id: diamondio329@gmail.comwebsite:diamondio.com.npPhone No.+977-15334814, 9712032744

## कुवेतमा रोजगार

कम्पनी : TAFANANI FOOD SUPPLIES CO.

पूर्व स्वीकृति मिति : २०८३/०६/०९ | LT. No. 348482 | चलानी नं. ६०२६१६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 4 | 2 | 150 | ७४,५३२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress(Female) | 0 | 1 | 140 | ६९,५६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १६ गते (2nd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १६६९/०८०/०८१

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

## युएइमा रोजगार

कम्पनी : MILLIONAIRE BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 348411 | चलानी नं. ६०.२६१५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 50 | 0 | 1500 | ६२,६८३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Rigger | 50 | 0 | 1500 | ६२,६८३ | | | | | | | |
| 3. | Block Plaster Mason | 50 | 0 | 1500 | ६२,६८३ | | | | | | | |
| 4. | Tile Mason | 50 | 0 | 1500 | ६२,६८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः धनुषा जनकपुरमा मितिः २०८३ असोज १६ गते (2th Oct. 2026) मा हुनेछ ।
सिराहा लहान प्रोफेसिएल ट्रेनिङ सेन्टरमा मितिः २०८३ असोज १७ गते (3rd Oct. 2026) मा हुनेछ ।
सुनसरी इटहरी सुनसरी मल्टीपल ट्रेनिङ सेन्टरमा मितिः २०८३ असोज १८ गते (4th Oct. 2026) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १९ गते (5th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## कुवेतमा रोजगार

कम्पनी : Care For Building and Cities Cleaning Contracting Company WLL
सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पून विज्ञापन स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 336597 | चलानी नं.६०२५०१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver / Driver | 15 | 0 | 150 | ७४,६०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 50 | 0 | 100 | ४९,७३६ | | | | | | | |
| 3 | Kitchen Worker | 120 | 200 | 85 | ४२,२७५ | | | | | | | |
| 4 | waiter/waitress | 0 | 15 | 120 | ५९,६८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १६ गते (2nd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


1559/079/80

**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## युएईमा रोजगार

कम्पनी : NATIONAL PROJECTS SERVICES - L.L.C -S.P.C | शहर : ABUDHABI
पूर्व स्वीकृत मितिः २०८३/०६/०८ | चलानी नं.: ६०२६१६१० | LT.No.: 348416

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Mason | 41 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Helpers | 41 | 0 | | 1000 | ४१,६३० | | | | | | | |
| 3. | Carpenter | 41 | 0 | | 1500 | ६२,४४५ | | | | | | | |
| 4. | GENERAL STEEL FIXER | 41 | 0 | | 1500 | ६२,४४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 Oct., 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DIBYARATNA CONSULTANT PVT.LTD**
Battisputali, Kathmandu | Phone:+977 1 4531019/97 1 2605064
Email: info@dibyaratna.com, Website: www.divyahr.com
Gov. Lic No. 1819/082/083


# Silichong Rural Municipality
## Office of the Rural Municipal Executive
**Tamku, Sankhuwasabha**
**Koshi Province, Nepal**

## Invitation for Bids

**First date of Publication: 2083/06/09 (September25, 2026)**

1. Silichong Rural Municipality, Tamku, SankhuwaSabha invites Sealed Bid (Hard Copy Only) from eligible bidders for the following works.

| Contract Identification No. | Description and Location of work | Average annual Construction Turnover NRs. | Estimated Amount (With Vat & PS Iteam) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs.(Not refundable) | Remark |
|---|---|---|---|---|---|---|
| NCB-SRM-BRIDGE-01-083/84 | Tiwakhola Motorable Bridge Construction Plan Ward-1, Sisuwa | 195.72 million | - | 9,93,000 | 5,000.00 | |
| NCB-SRM-02-083/84 | Shree Maheswari Ma.Bi. adhuro bawan tatha parkhal Nirman yojna | - | 1,12,49,880.83 | 2,50,000 | 3000.00 | |
| NCB-SRM-03-083/84 | Shree Maheswari Ma.Bi. gherabara Nirman | - | 24,99,820.51 | 55,000 | 3000.00 | |

2. Details of Bid:

| Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid |
|---|---|---|---|
| 90 Days after bid opening (2083-09-28) | 30 days beyond Bid Validity Period ( 2083-10-28) | 2083-06-29, 12:00 Hrs. | 2083-06-29, 13:00 & 12:15 & 12:30 Hrs |

3. For Further Details bidders are requested to visit www.silichongmun.gov.np
4. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank:** Everest Bank, (Branch: Silichong)
**Name of Office:** Silichong Rural Municipality, Sankhuwasabha
**Office Account Number:** 08400106200011 (Internal Rajaswa Account)
**Dharauti Khata Number:** 08400106200003
**Rajaswa Shirsak No:** 14229
**Office Code no:** 801010410

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### एमालेमा विद्याको माग अनुमोदन, ओलीको विद्रुप रुप

नेकपा एमाले कुनै बेला केपी शर्मा ओलीकै कारण शक्तिशाली पार्टी बनेको थियो । कम्युनिस्टहरूको एकीकरण गरेर पहिलो शक्ति बनाउन भन्दै तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्कमल दाहालले पनि ओलीलाई साथ दिएका थिए । २०७४ को आमनिर्वाचनपछि राजनीतिमा ओलीको उचाइ यति बढेको थियो कि उनको डमीसँग मानिसहरू सेल्फी खिचाउनसमेत निकै मन पराउँथे ।

शक्तिको उन्मादमा ओलीले त्यतिबेला प्रतिनिधिसभा विघटन गरे । संवैधानिक परिषद्मा मनपरी गर्न थाले । जसले गर्दा ओली एकाएक तानाशाहीको रूपमा चिनिन थाले । ओलीको यो खस्कँदो रूप २०७९ को निर्वाचनमा पनि देखियो । माओवादी केन्द्रबाट धोका खाएको नेपाली कांग्रेसले ओलीको साथ खोजे । यहीअनुसार ओलीको नेतृत्वमा कांग्रेससहितको बलियो सरकार बन्यो ।

यही क्रममा ओलीमा यस्तै उन्माद चढ्दै गयो । ओलीले कसैको कुरा टेरपुच्छर लगाएनन् । पार्टीमा नेतृत्व परिवर्तनको आवाजलाई ओलीले दबाए । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले ओलीको मनपरीतन्त्र रोक्न पार्टीमा ‘कमब्याक’ गर्न खोजे । तर ओलीले भण्डारीको कारण आफ्नो पद नै धरापमा पर्ने देखे । त्यसपछि अनेक तिकडम् गरेर भण्डारीलाई एमालेमा भित्रनै दिएनन् ।

पछि जेन–जी विद्रोह भयो । ओली नेतृत्वको सरकार ढल्यो । पार्टीहरूमा युवा नेतृत्व खोजी गरियो । तर ओलीले मंसिरको अन्त्यतिर महाधिवेशन गराएर आफैं तेस्रोपटक अध्यक्ष बने । अध्यक्ष बनेको केही समयसम्म ठिकठाकै थियो । जब फागुन २१ गते निर्वाचन भयो । एमालेले १६५ सिटमध्ये नौ सिटमा जित्दा अध्यक्ष ओली नै पराजित भए । २७५ सदस्यीय प्रतिनिधिसभामा एमाले २५ सिटमा सीमित बन्नुपऱ्यो ।

जसकारण ओलीविरुद्ध आफ्नै पक्षका नेताहरू विष्णुप्रसाद पौडेल, शंकर पोखरेलले विरोध जनाउन थाले । नेतृत्व छाड्न दबाब दिन थाले । यही मौका पारेर ओलीले ‘विद्या कार्ड’ फालेका छन् । कुनै बेला विद्यालाई राजनीतिमा ल्याउनुपर्छ भनेर लागेका पौडेल र पोखरेललाई माथ खुवाउनेगरी ओलीले केन्द्रीय कमिटीबाट एउटा अचम्मको निर्णय गराएका छन् । त्यो भनेको विद्यालाई वरिष्ठ नेतामा मनोनीत गर्नु हो । एक वर्षअघि मात्र राजनीतिमा आउन अनेक प्रयास गरेकी विद्यालाई ओलीले पूर्वराष्ट्रपति भएको व्यक्ति एमालेमा आउन नहुने भन्दै रोकेका थिए । त्यतिबेला ओलीको पद दाउमा परेको थियो । त्यही भएर ओलीले त्यतिबेला विद्यालाई प्रवेश दिएनन् ।

अहिले भने ओलीको पद अरुको कारण दाउमा परेको छ । यही बेला आफ्नो पद जोगाउन ओलीले विद्यालाई एमालेको वरिष्ठ नेतामा मनोनीत गरेका छन् । युग सुहाउँदो नयाँ नेता खोज्नुपर्नेमा ओलीले आफू झनै तानाशाही बन्ने बाटो रोजेको यो मनोनयनले देखाउँछ । यो ओलीको मनपरीतन्त्रको अर्को विद्रुप रूप हो । एमाले सच्चिने हो भने ओलीको मनपरीतन्त्र आजै रोक्नु एमालेजनको जिम्मेवारी हो । सक्किने हो भने त रामराम !

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# जोखिम ठाउँमा पूर्वाधार र बस्ती विकासमा पुनर्विचार



❑ राजेश विद्रोही

> “अब विकासको प्रश्न भनेको कति किलोमिटर सडक र संरचना बन्यो भन्नेमा होइन, त्यो सडक, संरचना र बस्ती कति सुरक्षित छ कि छैन भन्नेमा हुनुपर्छ । व्यक्तिको कति घर बन्यो भनेर होइन, ती घरमा बस्ने नागरिक कति सुरक्षित छन् कि छैनन् भन्नेमा हुनुपर्छ । राज्यको कति बजेट खर्च भयो भनेर होइन, त्यो बजेटले कति जोखिम घटायो भन्नेमा मूल्यांकन हुनुपर्छ । किनभने सडक र पुल भत्किए फेरि बनाउन सकिन्छ, घर ढले फेरि उठाउन सकिन्छ तर गुमेको जीवन फर्काउन सकिँदैन ।

राज्यले विकास गर्दा त्यस्तो ठाउँमा विकास नगरोस् र नागरिकले पनि बसोबास गर्दा त्यस्तो ठाउँमा बसोबास नगरोस्, जुन ठाउँमा देश र जनताको अस्तित्व नै नरहोस् । राज्यले विकास गर्दा विनाशलाई रोक्ने खालको हुनुपर्छ । विनाशलाई बढवा दिने खालको हुनुहुँदैन । नागरिकको जीवन र जीविकोपार्जन तथा दीर्घकालीन भविष्य निर्माणका लागि हुनुपर्छ । केवल निहीत स्वार्थ र कमिसन चक्रको लागि हुनुहुँदैन । त्यस्तो खाले अव्यवस्थित विकासले देश र जनताको भविष्य मात्र होइन, अन्ततः विकास गर्नेहरूकै अस्तित्वसमेत जोखिममा पार्छ ।

विकास अव्यवस्थितलाई व्यवस्थित गर्न र जोखिम घटाउन र हटाउनमा केन्द्रित हुनुपर्छ । तर आजसम्म हाम्रो मुलुकको विकास निर्माण कार्य विनाशमा लगानी भएकोजस्तो छ । कि त नयाँ भत्काएर फेरि नयाँ बनाउनेमै केन्द्रित छ । जो केवल मुलुकको भविष्यका लागि नभएर दुई पैसा कमिसन र भ्रष्टाचारका लागि भइरहेका हुन्छन् । तर यसको असर भने सिंगो देश र नागरिकको जीवनमाथि परिरहेको हुन्छ । हाम्रो विकास अभ्यास हेर्दा प्रश्न उठ्छ-हामी विकास गरिरहेका छौं कि विनाशका लागि निरन्तर आधार तयार गरिरहेका छौं ? सरकारले हरेक वर्ष सडक, पुल, भवन, खानेपानी, सिँचाइ, ऊर्जा र नदी नियन्त्रणलगायत पूर्वाधारमा अर्बौं रूपैयाँ खर्च गर्छ । आर्थिक वर्ष २०८३/८४ मा २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँको कूल बजेटमध्ये चार खर्ब ३१ अर्ब रूपैयाँ पुँजीगत खर्चका लागि छुट्याइएको छ । तर विकासको मूल्यांकन बजेट कति खर्च भयो भन्ने आधारमा होइन, त्यसले नागरिकको जीवन कति सुरक्षित र सहज बनायो भन्ने आधारमा हुनुपर्छ । तर यहाँ केवल कागजी मिलानमा धेरै विकास गर्ने संस्कृति छ ।

हाम्रो मुलुकको सामाजिक संरचना, विविधता र बसोबासको चरित्रलाई हेर्ने हो भने ८० प्रतिशतभन्दा बढी जनसंख्या कुनै न कुनै प्राकृतिक विपद्को जोखिममा रहेको सरकारी तथ्यांकले देखाउँछ । पहाडमा पहिरो र भूकम्प, हिमाली क्षेत्रमा हिमपहिरो तथा हिमताल विस्फोट र तराईमा बाढी-डुबानको जोखिम फरक छन् । त्यसैले जोखिमअनुसार विकास नीति आवश्यक छ । तर त्यससँगै जोखिममा रहेका नागरिकको सामाजिक संरचना पनि पहिचान गर्नुपर्छ । एउटै जोखिमभित्र को धनी छ, को भूमिहीन छ, को दलित छ, को महिला नेतृत्वको परिवार हो र कोसँग वैकल्पिक बसोबासको क्षमता छैन भन्ने तथ्यांकविना वास्तविक जोखिम व्यवस्थापन सम्भव हुँदैन ।

सन् २०२४ को बाढीपहिरोमा करिब पाँच लाख १८ हजार घरधुरी र २५ लाख ९० हजार मानिस प्रभावित हुनु, २५० जनाको मृत्यु हुनु तथा करिब ४६ अर्ब रूपैयाँबराबरको आर्थिक क्षति हुनु विपद्को ठूलो मूल्य हो तर क्षतिको आर्थिक हिसाबले मात्र विपद्को प्रभाव बुझिँदैन । गरिब परिवारले गुमाएको घर, जमिन, पशुधन, रोजगारी, बालबालिकाको शिक्षा र सामाजिक सुरक्षा पनि क्षतिकै हिस्सा हुन् ।

भोटेकोशी क्षेत्रमा २०८३ भदौ १० गते भएको विनाशकारी बाढी तथा हिमपहिरोले पनि विकास र विपद्बीचको सम्बन्धमाथि गम्भीर प्रश्न उठाएको छ । जलवायु परिवर्तनले जोखिमको स्वरूप बदलिरहेको अवस्थामा पुरानै भू-उपयोग, पुरानै निर्माण शैली र पुरानै पूर्वाधार नीतिमा अडिएर भविष्य सुरक्षित गर्न सकिँदैन । अब विकासको पहिलो मापदण्ड सुरक्षा र सामाजिक न्याय हुनुपर्छ । हरेक स्थानीय तहमा बहुविपद् जोखिम नक्सा तयार गर्नुपर्छ । त्यसमा केवल भूगोल होइन, जोखिममा रहेका परिवारको सामाजिक-



आर्थिक अवस्थासमेत समेटिनुपर्छ । बस्ती, विद्यालय, अस्पताल, बजार, सडक, पुल र ठूला पूर्वाधारको स्थान निर्धारण त्यही आधारमा हुनुपर्छ । अत्यधिक जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नुपर्ने भए पनि राज्यले ‘घर बनाएर सारिदिने’ पुरानो सोच बदल्नुपर्छ । भूमिहीन दलित वा गरिब परिवारलाई सुरक्षित स्थानमा घर दिएर मात्र समस्या समाधान हुँदैन । उनीहरूको रोजगारी कहाँ हुन्छ ? खेती गर्ने जमिन कहाँ हुन्छ ? बालबालिकाको विद्यालय कहाँ हुन्छ ? स्वास्थ्य सेवा कति टाढा हुन्छ ? जीविकोपार्जनको आधार के हुन्छ ? यी प्रश्नको उत्तरसहितको पुनःस्थापना मात्र सम्मानजनक पुनःस्थापना हो ।

विशेषतः दलित र सीमान्त समुदायका लागि सुरक्षित आवास केवल कल्याणकारी कार्यक्रम होइन, संवैधानिक सामाजिक न्यायको विषय हो । जनता आवास वा अन्य आवास कार्यक्रमसमेत जोखिमयुक्त ठाउँमा कमजोर संरचना बनाएर समुदायलाई अलग्गै बस्तीमा थुपार्ने माध्यम बन्नुहुँदैन । सुरक्षित, मिश्रित, पहुँचयुक्त र सम्मानजनक बस्ती विकासको नीति आवश्यक छ । अन्यथा राज्यले एकातिर छुवाछूत र विभेद अन्त्य गर्ने घोषणा गर्ने र अर्कोतिर विकासकै नाममा जातीय तथा वर्गीय रूपमा अलग्गिएका बस्तीलाई निरन्तरता दिने विरोधाभास कायम रहन्छ । त्यसैले समस्या बजेटको अभावमात्र होइन, विकासको गलत प्राथमिकतामा पनि छ । कतै आवश्यक पूर्वाधार छैन, कतै बजेट खर्च हुँदैन, कतै बनेका संरचना केही वर्षमै भत्काएर फेरि नयाँ बनाइन्छन् । तर पुरानो झन जोखिम भइरहेको हुन्छ ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कमजोर हुँदा एउटै विकास कार्यमा दोहोरो लगानी हुन्छ । जथाभावी डोजर चलाएर पहाड काट्ने, पहिरोको फेदीमा सडक र बस्ती विस्तार गर्ने, चक्लाबन्दी गर्ने, नदी-खोलाको प्राकृतिक बहाव साँघुरो बनाउने, अनियन्त्रित उत्खनन गर्ने र कमजोर भूभागमा संरचना बनाउने प्रवृत्ति विकास होइन, त्यो भविष्यको ठूलो विपद्को आधार हो । यसको सबैभन्दा ठूलो भार गरिब र सीमान्त समुदायले धेरै बेहोर्छन्, अरुले कम । मधेसका दलित, भूमिहीन, सुकुमबासी, मुसहर, सदा, डोम, चमार, पासवानलगायत परिवारसँग सुरक्षित जमिन किन्न सक्ने क्षमता हुँदैन । त्यसैले नदी किनार, सार्वजनिक जमिन वा अन्य जोखिमयुक्त ठाउँमा बस्न बाध्य हुन्छन् । यस्तो बस्तीलाई केवल अव्यवस्थित वा अतिक्रमण भनेर हेर्नु गलत हुन्छ । यसको पछाडि परम्परागत भूमिहीनता, गरिबी, जातीय विभेद, असमान भूमि पहुँच र राज्यको कमजोर आवास नीतिको इतिहास जोडिएको हुन्छ ।

विपद्को असर पनि सबैलाई समान हुँदैन । समान हुनका लागि भदौ १० गते जलवायु परिवर्तनको कारण आएको भोटेकोशी विपद् नै हुनुपर्छ । जहाँ केवल नागरिकको मानवीय भावनाबाहेक केही पनि बाँकी रहेनन् । तर यही विपद फरक खालको आयो भने सम्पन्न परिवारसँग वैकल्पिक जमिन, घर र आर्थिक स्रोत हुन्छ । जसले आफूलाई पुनः व्यवस्थित गर्न सक्छ । तर यही कुरा एउटा गरिब, दलित तथा भूमिहीन सुकुमबासी परिवारले गर्न सक्दैन । उनीसँग त्यो समाजिक हैसियत हुँदैन । एउटा जोखिमले बर्बादी गर्दा अर्को जोखिम नै रोज्नुपर्ने हुन्छ । त्यस्तो खालको निरन्तर समाजिक संस्कृति छ । विपद्मा उनीहरूको एउटा झुपडी गुम्नु भनेको केवल झुपडीमात्र गुम्नु होइन, त्योसँगै उसको सारा सम्पत्ति, रोजगारी, सामाजिक सुरक्षा र भविष्यको आधार नै गुम्नु हो, सखाप हुनु हो । त्यसैले विपद् व्यवस्थापनलाई राहत र उद्धारको नजरले मात्र हेरिनुहुँदैन । यो सामाजिक न्यायको ठूलो विषय पनि हो ।

मधेसको बाढी-डुबान र पहाडको पहिरो अलग समस्याजस्तो देखिए पनि यसको एउटा साझा कारण अव्यवस्थित भू-उपयोग नै हो । चुरे दोहन, नदी-खोलाबाट अनियन्त्रित उत्खनन, प्राकृतिक बहावमा अवरोध, कमजोर तटबन्ध र अव्यवस्थित बस्ती, चक्लाबन्दीले जोखिम बढाइरहेका छन् । माथिल्लो भूभागमा हुने भू-उपयोग परिवर्तनको असर तल्लो मधेससम्म पुग्छ । त्यसैले मधेसको विकासलाई सडक र भवन निर्माणमामात्र सीमित नगरी चुरे संरक्षण, नदी प्रणाली, भूमिगत पानी, कृषि, सिँचाइ र बाढी व्यवस्थापनसँग जोड्नुपर्छ ।

हाम्रो घडेरी प्लानिङ र तीन तह सरकारको जात, समुदाय र वर्गलाई विकासमा प्राथमिकता दिँदा कमजोर वर्ग, जाति र समुदायको अव्यवस्थित र जोखिमपूर्ण विकास झन कमजोर र जोखिम निम्त्याइरहेको हुन्छ । त्यसैले जोखिमयुक्त जमिनमा प्लटिङ र गरिब, दलित बस्तीको अविकासको जोखिम सिंगो नागरिकमाथि सार्छ । नागरिकले ऋण लिएर त्यही जमिन र ठाउँमा घर बनाउँछ र विपद् आएपछि जीवनभरको कमाइ गुमाउँछ ।

भू-उपयोग योजना, नक्सा पास र निर्माण अनुमति केवल प्रशासनिक प्रक्रिया होइन, नागरिक सुरक्षासँग जोडिएको विषय पनि हो । त्यसैले घडेरी प्लटिङ गर्दा पनि जोखिम ठाउँ र प्लटिङको बाटो २० फिटको छ भने सुरुमै २० फिट कायम गरेर स्वीकृति दिनुपर्छ । १६ फिट स्वीकृति दिएर अन्त्यमा उपयोग गर्ने सामान्य नागरिकलाई मार पर्नेगरी तीन/तीन फिट छोडेर २० फिट पुऱ्याउने बेथितिपूर्ण धन्दा बन्द गर्नुपर्छ । किनभने नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनले बाढी, पहिरो, हिमपहिरो, हिमताल विस्फोट र अन्य विपद्को जोखिमलाई थप जटिल बनाइरहेको छ । २०८३ भदौ १० गतेको भोटेकोशी विपद्ले पनि प्राकृतिक जोखिमलाई बेवास्ता गरेर गरिने विकास र कमजोर पूर्वतयारीको मूल्य कति ठूलो हुन सक्छ भन्ने देखाएको छ ।

अब विकासको पहिलो मापदण्ड सुरक्षा हुनुपर्छ । हरेक स्थानीय तहमा बहुविपद् जोखिम नक्सा तयार गरी त्यसका आधारमा बस्ती, विद्यालय, अस्पताल, बजार, सडक, पुल र बाटोघाटोको योजना बनाउनुपर्छ । अत्यधिक जोखिमयुक्त बस्ती स्थानान्तरण गर्नुपर्ने भए घर दिएरमात्र हुँदैन, जमिन, रोजगारी, शिक्षा, स्वास्थ्य र जीविकोपार्जनको वैकल्पिक आधार पनि सुनिश्चित गर्नुपर्छ । विशेषगरी दलित, भूमिहीन र सीमान्त समुदायलाई एउटा जोखिमयुक्त ठाउँबाट हटाएर अर्को जोखिमयुक्त ठाउँमा धकेल्नु पुनःस्थापना होइन । सुरक्षित आवास उनीहरूको दया होइन, कानुनी अधिकार हो ।

राज्यका आवास कार्यक्रमले पनि सीमान्त समुदायलाई समाजको किनारमा छुट्टै र जोखिमयुक्त बस्तीमा थुपार्ने होइन, सुरक्षित, व्यवस्थित र सम्मानजनक बसोबास सुनिश्चित गर्नुपर्छ । तर यहाँ सरकारले नै निर्माण गरिएको र देखिएको हरेक जनता आवास तथा सुरक्षित आवास कार्यक्रमहरूको चरित्र परम्परागत जातिवादी धाराप सामुदायिक संरचनाभन्दा कम छैन । त्यसैले अब विकासको प्रश्न भनेको कति किलोमिटर सडक र संरचना बन्यो भन्नेमा होइन, त्यो सडक, संरचना र बस्ती कति सुरक्षित छ कि छैन भन्नेमा हुनुपर्छ । व्यक्तिको कति घर बन्यो भनेर होइन, ती घरमा बस्ने नागरिक कति सुरक्षित छन् कि छैनन् भन्नेमा हुनुपर्छ । राज्यको कति बजेट खर्च भयो भनेर होइन, त्यो बजेटले कति जोखिम घटायो भन्नेमा मूल्यांकन हुनुपर्छ । किनभने सडक र पुल भत्किए फेरि बनाउन सकिन्छ, घर ढले फेरि उठाउन सकिन्छ तर गुमेको जीवन फर्काउन सकिँदैन ।

राज्यले विनाशपछि पुनर्निर्माणमा भन्दा विनाश रोक्ने विकासमा लगानी गर्नुपर्छ । त्यो विकास विनाश रोक्ने ठाउँमा पनि हुनसक्छ तर त्यसलाई नागरिक सुरक्षित हुने विकास भनिँदैन । त्यसैले नागरिक जहाँ सुरक्षित छन्, त्यहाँ विकास गरौं । जहाँ जोखिम छ, त्यहाँ संरक्षण गरौं र जहाँ नागरिक जोखिममा छन्, त्यहाँ राज्यको पहिलो जिम्मेवारी उनीहरूको जीवन सुरक्षित गर्नु हो । नेपाललाई अब धेरै विकास होइन, सुरक्षित, न्यायपूर्ण र दिगो विकास चाहिएको छ किनभने सुरक्षित नागरिकको जीवन नै राष्ट्रको पहिलो पूर्वाधार हो भन्ने कुरा बेलैमा बुझ्न जरुरी छ । त्यसैले विकास र बसोबास जोखिम ठाउँमा नगरौं । *रासस*

# बाढीप्रभावित क्षेत्रमा आपत्कालीन उपचार कार्य अघि बढाइएको छः स्वास्थ्यमन्त्री मेहता

■ प्रभाव संवाददाता



**काठमाडौं–** स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले गत महिना गएको भोटेकोशी प्रलयकारी बाढीपछि मन्त्रालयले आपत्कालीन उपचार तथा प्रतिकार्यका विभिन्न क्रियाकलाप गर्नाका साथै बहुपक्षीय तयारी र कार्यहरू पनि अघि बढाएको बताएकी छन् ।

राष्ट्रिय सभामा बिहीबार मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिँदै उनले घाइतेहरूको उपचार तथा दुर्गम र सडक सम्पर्कविच्छेद भएका क्षेत्रमा स्वास्थ्य सेवा पुर्‍याउनेतर्फ मन्त्रालयले तत्कालै आवश्यक व्यवस्था मिलाएको बताइन् । बाढीका कारण प्रभावित स्वास्थ्य संस्थाहरूको सेवा अवरुद्ध हुन नदिन आपत्कालीन स्वास्थ्य टेन्ट तथा वैकल्पिक संरचनामार्फत सेवा निरन्तरता दिइएको उनले जानकारी दिइन् ।

'घाइते तथा बिरामीको तत्काल उपचार र उद्धारका लागि केन्द्रीय तथा प्रादेशिकस्तरका आकस्मिक चिकित्सकीय टोली परिचालन गरिएका छन् । सडक सम्पर्कविच्छेद भएका तथा दुर्गम बस्तीमा चिकित्सक, स्वास्थ्यकर्मी र अत्यावश्यक औषधि पुर्‍याउन घुम्ती स्वास्थ्य टोली खटाइएको छ भने यातायात अवरुद्ध भएका क्षेत्रमा हेलिकप्टरमार्फत औषधि, शल्यक्रिया सामग्री तथा आवश्यक उपकरण आपूर्ति गरिएको छ । स्थानीय प्रशासनसँगको समन्वयमा गम्भीर घाइते तथा बिरामीलाई हेलिकप्टरमार्फत काठमाडौं ल्याई उपचार व्यवस्थापन गरिएको छ,' मन्त्री मेहताले भनिन् ।

जोखिममा रहेका गर्भवती तथा सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको स्वास्थ्य सुरक्षालाई मन्त्रालयले विशेष प्राथमिकतामा राखेको जानकारी गराउँदै उनले भनिन्, 'बाढीप्रभावित क्षेत्रमा गर्भवती तथा सुत्केरीको नियमित स्वास्थ्य परीक्षण, जटिल अवस्थाका बिरामीलाई तत्काल रेफर तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।'

मन्त्री मेहताले थप परिचालित विशेषज्ञ टोलीले मातृ तथा नवजात शिशु, बालबालिका र प्रजनन स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गरेका र दीर्घरोगी तथा ज्येष्ठ नागरिकको नियमित उपचार र औषधि सेवनमा अवरोध नहोस् भन्ने उद्देश्यले प्रभावित क्षेत्रमा नसर्ने रोगका औषधि निःशुल्क उपलब्ध गराइएको बताइन् ।

उनले भनिन्, 'क्षयरोग तथा एचआइभी संक्रमित सेवाग्राहीको उपचारमा पनि निरन्तरता कायम गरिएको छ । बाढीप्रभावित तीनवटै जिल्लासँग समन्वय गरी प्रदेश आपूर्ति केन्द्र तथा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमार्फत क्षयरोगका बिरामीका लागि आवश्यक औषधि आपूर्ति गरिएको छ ।'

मिर्गौला रोगीको नियमित हेमोडायलाइसिस सेवा अवरुद्ध हुन नदिन पनि मन्त्रालयले विशेष समन्वय गरिरहेको अवगत गराउँदै मन्त्री मेहताले नुवाकोटको त्रिशूली अस्पतालमा विपन्न नागरिक औषधि उपचार सेवा कार्यक्रमअन्तर्गत सूचीकृत २३ मिर्गौला रोगीमध्ये २० जनाले नियमितरूपमा त्रिशूली अस्पतालबाट हेमोडायलाइसिस सेवा लिइरहेका बताइन् ।

बाढीबाट सिर्जित त्रास, तनाव तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्यालाई सम्बोधन गर्न प्रभावित क्षेत्रमा मनोसामाजिक प्राथमिक उपचार, मनोपरामर्श तथा मानसिक स्वास्थ्य सेवा पनि प्राथमिकताका साथ सञ्चालन गरिएको मन्त्री मेहताले बताइन् । 'हाल करिब ९० जना मनोसामाजिक स्वास्थ्यकर्मी प्रभावित क्षेत्रमा परिचालित छन् र हालसम्म प्रभावित तथा जोखिममा रहेका व्यक्तिलाई १२ हजार ९६९ पटक मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ,' उनले भनिन् ।

मन्त्री मेहताले बाढी प्रभावित अपांगता भएका व्यक्तिहरूको सहजताका लागि सहायता कक्ष स्थापना गरी २२० भन्दा बढी सहायक उपकरण वितरण गरिएको जानकारी गराइन् । त्यस्तै, महामारी तथा संक्रामक रोगको जोखिम नियन्त्रणका लागि बाढीप्रभावित क्षेत्रमा निगरानी र रोकथामका कामलाई तीव्रता दिइएको उनले बताइन् ।

'इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत दैनिक रोग निगरानी भइरहेको छ । पानीजन्य रोगको जोखिम न्यूनीकरणका लागि पियुष तथा क्लोरिन टचाब्लेट वितरण गर्नाका साथै प्रभावित क्षेत्रमा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिएको छ,' मन्त्री मेहताले भनिन् ।

नियमित खोप तथा पोषण सेवाको निरन्तरतासमेत सुनिश्चित गरिएको बताउँदै उनले प्रभावित जिल्लामा नियमित खोप कार्यक्रम तालिकाअनुसार सञ्चालन भइरहेको जानकारी दिइन् । साथै, मन्त्री मेहताले प्रत्येक होल्डिङ सेन्टरमा स्वास्थ्यसम्बन्धी समस्या पहिचान, प्राथमिक उपचार तथा आवश्यक स्वास्थ्य सेवा र औषधिको निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मी खटाइएको जानकारी दिइन् ।

# भारी वर्षाको सम्भावनासँगै लमजुङका पाँच पालिकामा विद्यालय बन्द

**लमजुङ–** केही दिन मुलुकभर भारीदेखि अतिभारी वर्षाको सम्भावना रहेको नेपाल मौसम विज्ञान विभागले जनाएसँगै विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरण तथा विद्यार्थी, शिक्षक र कर्मचारीको सुरक्षालाई दृष्टिगत गर्दै लमजुङका पाँच स्थानीय तहले विद्यालय बन्द गर्ने निर्णय गरेका छन् ।

बेँसीसहर, सुन्दरबजार र मध्यनेपाल नगरपालिका तथा क्व्होलासोथार र दोर्दी गाउँपालिकाले बिहीबार छुट्टाछुट्टै सूचना जारी गरी विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् । चार स्थानीय तहले शुक्रबार एक दिन विद्यालय बन्द गर्ने जनाएका छन् भने मध्यनेपाल नगरपालिकाले दुई दिन विद्यालय बन्द गर्ने जनाएको छ ।

विभागको विशेष मौसमी बुलेटिनअनुसार असोज ९ देखि ११ गतेसम्म देशका विभिन्न स्थानमा भारीदेखि अतिभारी वर्षा हुने सम्भावना रहेको छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात तथा हावाहुरी र चटचाङ पनि पर्न सक्ने पूर्वानुमान गरिएको छ ।

सोही अवस्थालाई मध्यनजर गर्दै शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थी, बालबालिका, शिक्षक तथा कर्मचारी सुरक्षित रहने गरी आवश्यकताअनुसार असोज ८ र ९ गते विद्यालयमा बिदा गराउन स्थानीय तहलाई अनुरोध गरेको छ ।

बेँसीसहर नगरपालिकाले नगर क्षेत्रमा निरन्तर वर्षा भइरहेको र सम्भावित जोखिमलाई दृष्टिगत गर्दै सम्पूर्ण शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको हो । नगरले उक्त बिदा अन्य बिदामा समायोजन गर्ने जनाएको छ । सुन्दरबजार नगरले पहिरो, भूक्षय जानसक्ने, खोलानाला बढ्ने, सडक अवरुद्ध हुनेलगायत जोखिमलाई ध्यानमा राख्दै सम्पूर्ण शैक्षिक संस्था सञ्चालन नगर्ने जनाएको छ ।

नगरपालिकाले अत्यावश्यक कामबाहेक टाढा तथा जोखिमयुक्त यात्रा नगर्न र जोखिम देखिएमा सुरक्षित स्थानमा सर्नका लागि तयार रहन पनि आग्रह गरेको छ । मध्यनेपाल नगरपालिकाले दुई दिन विद्यालय बन्द गर्दै नगरवासीलाई उच्च सतर्कता अपनाउन तथा अत्यावश्यक कामबाहेक टाढाको यात्रा नगर्न अनुरोध गरेको छ ।

दोर्दी गाउँपालिकाले विद्यार्थी, शिक्षक तथा कर्मचारीको आवतजावतमा हुनसक्ने सम्भावित जोखिमलाई ध्यानमा राखी गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा एक दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । उक्त बिदा शैक्षिक क्यालेण्डरको हिउँदे बिदाबाट एक दिन घटाई मिलान गर्ने र विद्यालयले सट्टा पठनपाठनको व्यवस्था मिलाउने जनाएको छ ।

क्व्होलासोथार गाउँपालिकाले पनि विद्यार्थी, शिक्षक तथा कर्मचारीको सुरक्षालाई प्राथमिकतामा राख्दै सम्पूर्ण विद्यालय एक दिन बन्द गर्ने जनाएको छ । गाउँपालिकाले बिदाको समयमा अनावश्यकरूपमा घरबाहिर ननिस्कन तथा बाढी, पहिरो, हिमपात, हावाहुरी र चटचाङको सम्भावित जोखिमबाट सुरक्षित रहन आग्रह गरेको छ ।

भारी वर्षासँगै बाढी, पहिरो, भूक्षय, खोलानालामा पानीको बहाव बढ्ने तथा सडक अवरुद्ध हुनसक्ने भएकाले स्थानीय तहहरूले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । जोखिमयुक्त नदी तथा खोलाका किनार र पहिरो सम्भावित क्षेत्रमा नजान तथा मौसम र विपद्सम्बन्धी आधिकारिक सूचना नियमितरूपमा लिन पनि अनुरोध गरेका हुन् । *रासस*

# 'विपद् जोखिम कम गर्न आवश्यक सबै पहल गर्दै छौं'

**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले विपद् जोखिम कम गर्न प्रदेश सरकारले सबै निकायसँग सहकार्य गरी आवश्यक काम गरिरहेको बताएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले बिहीबार कैलालीको धनगढीमा आयोजना गरेको 'विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन बजेटसम्बन्धी नीतिगत संवाद' कार्यक्रममा मुख्यमन्त्री भट्टले पछिल्ला विपद्का घटनाबाट पाठ सिक्दै सम्भावित विपद्बाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि प्रदेश सरकारले आवश्यक सबै पहल गर्ने बताए ।

मुख्यमन्त्री भट्टले रसुवाको भोटेकोशीमा गएको बाढीलगायत केही वर्षयता भइरहेका विपद्का घटनाले सम्भावित जोखिमप्रति थप सचेत हुनुपर्ने पाठ सिकाएको उल्लेख गर्दै सोहीअनुसार तयारी आवश्यक रहेको बताए । उनले सुदूरपश्चिम प्रदेशमा बाढी, पहिरो तथा अन्य विपद्का कारण पछिल्ला १० वर्षमामात्रै पाँच हजार १९५ जनाको मृत्यु, ५१७ जना बेपत्ता, १५ हजार ७५१ जना घाइते तथा दुई लाख दुई हजार ५८५ परिवार प्रभावित भएको तथ्यांक प्रस्तुत गरे । त्यस अवधिमा विपद्का कारण ३२ अर्ब रूपैयाँभन्दा बढीको आर्थिक क्षति भएको उनको भनाइ थियो ।

मुख्यमन्त्री भट्टले विपद् जोखिम न्यूनीकरणका लागि प्रदेश सरकार एक्लैले मात्र प्रयास गरेर सम्भव नहुने भन्दै तीनै तहका सरकार र सरोकार भएका विकास साझेदारलगायत निकायबीचको सहकार्य थप आवश्यक रहेको उल्लेख गरे । 'जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमको सामना गर्न सबै तह र निकायबीच समन्वय आवश्यक छ । विपद् आउनुअघि नै आवश्यक तयारी, स्रोतसाधनको व्यवस्थापन र उद्धार तथा राहतका संयन्त्रलाई चुस्त बनाउन सबै मिलेर काम गर्नुपर्छ,' उनले भने ।

मुख्यमन्त्री भट्टले विपद् व्यवस्थापनलाई राहत र उद्धारमामात्र सीमित नगरी जोखिम न्यूनीकरण, पूर्वतयारी र दीर्घकालीन अनुकूलनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने आवश्यकतासमेत औंल्याए । उनले प्रदेश सरकार चालु आर्थिक वर्षको बजेट निर्माण प्रक्रियामा रहेकाले जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा आवश्यक कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिने प्रतिबद्धता जनाए ।



**घोगीको खोजी** | सर्लाहीको बरहथवा नगरपालिका–१५, बेलटोलस्थित एकारसी नदीमा बुधबार घोँगी खोज्दै स्थानीय । थारू र मधेसी समुदायको एक परम्परागत र अत्यधिक लोकप्रिय परिकार घोँगी स्वादका लागिमात्र नभई स्वास्थ्यका दृष्टिकोणलेसमेत निकै पोसिलो मानिन्छ । *तस्बिर: रासस*

# सेनाको सर्पदंश उपचार केन्द्रबाट १२ सयभन्दा बढी लाभान्वित

**महेन्द्रनगर–** नेपाली सेनाले कञ्चनपुर र कैलालीमा सञ्चालन गरेको सर्पदंश उपचार केन्द्रबाट दुई वर्ष पाँच महिनाको अवधिमा एक हजार २४६ जना लाभान्वित भएका छन् । कञ्चनपुरको मझगाउँस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको रणसिंह दल गणको अर्जुनी ब्यारेक परिसर र कैलालीको बडैपुरस्थित कालीरक्षा गण परिसरमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा छ ।

कालीरक्षा गणले सर्पदंश उपचार केन्द्रबाट गत वैशाखयता १०६ महिला र ७२ पुरुषको उपचार गरेको सुदूरपश्चिम पृतनाले जनाएको छ ।

सेनाको तथ्यांकअनुसार वि.सं. २०८१ मा २६२ जना, वि.सं. २०८२ मा २४६ जना र वि.सं. २०८३ को हालसम्म १७८ जनाको सफल उपचार गरिसकेको छ । सेनाले कैलाली र कञ्चनपुरसहितकाजिल्लामा पनि सेनाले विभिन्न विद्यालयमा पुगेर विद्यार्थीलाई सर्पदंशसम्बन्धी चेतनामूलक कक्षा सञ्चालन गरिरहेको छ ।

त्यस्तै कञ्चनपुरको अर्जुनीमा रहेको नेपाली सेनाको सर्पदंश उपचार केन्द्रबाट पनि स्थानीयवासी लाभान्वित हुनुभएको छ । नेपाली सेना र स्थानीय समुदायको संयुक्त व्यवस्थापनमा वि.सं. २०७१ मा स्थापना भएको उपचार केन्द्रले हालसम्म दुई हजार बिरामीको उपचार गरिसकेको छ । यहाँस्थित रणसिंह दल गण मझगाउँ ब्यारेकका अनुसार स्थापनाकालदेखि नै उपचार केन्द्रबाट चौबिसै घण्टा सेवा प्रवाह हुँदै आएको छ ।

उपचार केन्द्रलाई औषधि तथा उपकरण बेदकोट र शुक्लाफाँटा नगरपालिका, स्वास्थ्य कार्यालय कञ्चनपुर तथा प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रबाट उपलब्ध हुँदै आएको छ ।

अर्जुनी उपचार केन्द्रमा वि.सं. २०८१ मा २०८ जना, वि.सं. २०८२ मा ६० जना र वि.सं. २०८३ को वैशाखयता हालसम्म ६६ महिला र ४८ पुरुष सर्पदंशका बिरामी लाभान्वित भएका छन् । यता सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले सुदूरपश्चिमका सबै जिल्लामा सर्पदंश उपचार सेवा रहेको जानकारी दिए ।

उनले प्रादेशिक र जिल्ला अस्पतालका साथै भौगोलिकरूपले विकट क्षेत्रमा पनि सर्पदंशको उपचारको प्रबन्ध रहेको बताए । 'कञ्चनपुरको दोधारा चाँदनीदेखि, बेलौरी, बेल्डाँडीदेखि बैतडीको मेलौरी र गोकुलेश्वरलगायतका क्षेत्रसम्म यसको उपचारका लागि स्वास्थ्य संस्थामा सहजता गरिएको छ,' उनले भने, 'पहाडको तुलनामा तराईका जिल्लामा सर्पदंशका बिरामीको चाप गर्मीयाममा बढी रहने गर्छ ।'


**युएइमा रोजगार** कम्पनी : I F M FACILITIES MANAGEMENT- L.L.C-O.P.C

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 336940 | चलानी नं. ६०२५०८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 21 | 23 | 1053 | ४४,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १६ गते (2nd Oct. 2026) मा हुनेछ ।त

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

